# वीरगञ्जेली पत्रकारिता
# एक अभिरेखाङ्कन

चन्द्रकिशोर

नेपालको प्रवेशद्वारको नामले चिनिने प्रमुख औद्योगिक-व्यापारिक सहर वीरगञ्जमा अहिले उत्साहप्रद उद्यम र उपक्रम सुरु भएका छन्। वर्तमान बहुलवादी वातावरणमा वीरगञ्जेली प्रेसले संस्थागत स्वरूप ग्रहण गर्दैछ र स्थानीय स्तरमा प्रभावकारी भूमिका निर्वाह गर्न जुर्मुराएको छ।

वीरगञ्जमा पत्रकारिताको कुरा गर्दा, प्रजातन्त्र पुनःस्थापनाको आधा दशकपछि यसले फड्को मार्न प्रारम्भ गरेको हो। पत्रिका चलाउनु अब सोखको विषय रहेन। कडा प्रतिस्पर्धा हुने क्षेत्रहरूमध्ये पत्रकारिता अब एउटा उदाहरणीय क्षेत्र बन्न पुगेको छ। व्यक्ति-केन्द्रित प्रवृत्तिभन्दा पत्रकारितालाई सामूहिक, व्यावसायिक र संस्थागत तुल्याउने सोचाइले मूर्तरूप लिन थालेको छ। पत्रकारिताको मापदण्डमा गुणात्मक विकास भएको छ। यथार्थ यस्तो हुँदाहुँदै पनि पत्रकारिता क्षेत्रमा चुनौती, चिन्ता र थप सम्भाव्यताहरू परिलक्षित हुनु अर्को सत्य हो। तर यो अवस्थामा आइपुग्न पनि यसले विभिन्न चरणमा अप्ठेराहरू पार गरेको छ।

## प्राथमिक चरण

वीरगञ्जमा पत्रकारिताको विकासक्रमलाई लिपिवद्ध गर्ने कार्य अहिलेसम्म भएको पाइँदैन, त्यसैले यसलाई अद्यावधिक गर्न प्राविधिक कठिनाइहरू तेर्सिएका छन्। तर पनि २००८ सालमा प्रकाशित *सेवा* पत्रिकालाई नै वीरगञ्जको पहिलो पत्रिका मानिएको छ। विभिन्न पुस्तक र पत्रपत्रिकामा प्रकाशित आलेखहरूले पनि उक्त निष्कर्षमा सहमति प्रकट गरेको पाइन्छ। *नेपालको छापाखाना* र *पत्रपत्रिकाको इतिहास* भन्ने पुस्तकमा ग्रीष्मबहादुर देवकोटाले लेखेअनुसार वीरगञ्जबाट प्रकाशित गरिने नेपाली भाषाको *सेवा* मासिक पत्रिकालाई इजाजत प्राप्त भई त्यसमा छापिने रचनाहरू सरकारमा पेस हुँदा त्यस समयको नियमानुसार नेपाली भाषा प्रकाशिनी समितिबाट जाँची २००५ साल कार्तिक ३० गते जाँचिएका प्रतिलिपिहरू नियम बमोजिम निस्सा लागी छाप्ने इजाजतसहित फिर्ता दिइएको थियो। त्यससमय यसका सम्पादक बलभद्र शर्मा तथा सुरेन्द्रराज शर्मा र प्रकाशक श्यामप्रसाद शर्मा हुनुहुन्थ्यो। तर तत्काल यो पत्रिका प्रकाशित भएन। २००८ साल श्रावणमा यो पत्रिका श्यामप्रसाद शर्माको सम्पादनमा बनारसबाट मुद्रित भई वीरगञ्जबाट प्रकाशित भयो।

मदन पुरस्कार पुस्तकालयको अभिलेखअनुसार उक्त *सेवा* पत्रिकाको दर्ता नम्बर १०४ रहेको छ। सम्पादक-प्रकाशकमा श्यामप्रसाद शर्मा, मुद्रण ब्रह्मघाट बनारस र वितरक सेवा-सदन, वीरगञ्ज २००८ भदौ रहेको पाइन्छ। श्यामप्रसाद आफैं

भन्नुहुन्छ– प्रगतिशील विचारका पुस्तक-पुस्तिकाहरू र पत्रपत्रिकाहरूको विक्री-वितरणको व्यवस्था मिलाई प्रचार गरेर जनतामा चेतना जगाउने उद्देश्यवाट वीरगञ्ज उपमहानगरपालिका (वडा नम्वर १०, गहवा टोल) आफ्नै फुसको घरमा सेवा-सदनको २००२ साल स्थापना गरिएको हो। २००८ सालको आरम्भदेखि सेवा-सदनवाट प्रगतिशील साहित्यिक मासिक *सेवा* पनि प्रकाशित हुन थालेका हो। अहिले सो पत्रिका नै मोफसलको पहिलो पत्रिका ठहरिएको छ। एकतन्त्रीय राणा शासनले वाधा अड्चन नदिएको भए *सेवा* २००४ वा २००५ तिर नै प्रकाशित हुन पाउने थियो।

*सेवा* पछि श्यामप्रसादकै सम्पादनमा २०१० सालमा *जनमत* साप्ताहिक प्रकाशित भएको प्रमाण भेटिन्छ। पछि केशवप्रसाद वीरगञ्ज आउनुभएको थियो र *विगुल* नामक पत्रिकाको प्रकाशन आरम्भ भएको थियो। केही दिन चलेर *विगुल*को स्वर पनि मलिनो भयो। केशवप्रसादकै सम्पादनमा *जनजीवन* भन्ने पत्रिका देखा पर्‍यो। यसले पनि लामो जीवन्तता पाउन सकेन। २०१३ सालमा गोपालचन्द्र गौतमको सम्पादनमा *जुनेली* पत्रिका प्रकाशित भएको देखिन्छ।

त्यसपछि वीरगञ्जको पत्रकारिताको इतिहासमा गोपालचन्द्र गौतम भुल्नै नसक्ने नाम हुनपुग्यो। झण्डै २००७ सालको सेरोफेरोसँगै सुरु भएको यहाँको पत्रकारिताको कुरा गर्दा गोपालचन्द्र गौतमको उल्लेख नगर्नु धृष्टता नै हुनेछ। विगतमा वीरगञ्जेली पत्रकारिताको अप्ठेराहरूमा अडिग प्रकाशस्तम्भ झैं उभिएर मार्गदर्शन गर्नु र सङ्घर्षको अन्तिम घडीसम्म जीजिविषालाई कायम राख्नु उहाँको नै पराक्रम थियो। वीरगञ्जमा प्रायः नौलो पुस्ताले उहाँवाट अनुप्राणित पत्रकारको जीवनको मर्मलाई सिकेको छ। पञ्चायतकालको अति सीमित अभिव्यक्तिको अवस्थामा पनि शव्द चातुर्यका खेलवाट आफ्नो सन्देश गन्तव्यसम्म पुऱ्याउन सक्ने सीप अव सायद नै कसैले सिकाउन सक्ला। गौतम जस्तो निधिप्रति गर्व गर्ने युवा पुस्ताले उहाँले अँगालेको वाटोप्रति कत्तिको सवलताका साथ हिंड्न सक्दछन्, यो नै युवापुस्ताका पत्रकारहरूका लागि प्रमुख चुनौती हो।

## पञ्चायतकालीन पत्रकारिता

पञ्चायतकालको सुरुआतपछि गोविन्द वियोगीले २०२१ मा *मातृभूमि* पत्रिकाको वीरगञ्जमा दर्ता गराएर यहींवाट प्रकाशन गरेको इतिहास भेटिन्छ। पछि *मातृभूमि* काठमाडौं लगियो। गोविन्द वियोगीले एकपटक *गोरखापत्र* (२०५४) मा भन्नु भएको थियो– वीरगञ्जवाट नै पहिलो अङ्क प्रकाशित गरेर काठमाडौं आउँदा पत्रिका प्रकाशनको अनुमति दिएकोमा सरकार स्वयंले खेद प्रकट गरेको थियो। सरकारको तर्फवाट सम्पादक-प्रकाशकको पृष्ठभूमि नवुझी प्रकाशन गर्ने अनुमति दिएकोमा खेद छ भन्दा पत्रिका प्रकाशनको अनुमति तुरून्त वन्द गरेको जानकारी गराउनु भनी वीरगञ्जमा चिठी पठाइयो। त्यो थाहा पाउने वित्तिकै म वीरगञ्ज गएर तत्कालीन नारायणी अञ्चलाधीश दामोदर शमशेरलाई भेटेर पत्रिका वन्द गरियो भने पनि म मुद्दा लड्छु भनेपछि वन्द चाहिं गरिएन।

यस प्रसङ्गले तत्कालीन राजनीतिक अवस्थामा पत्रिका निकाल्नु कत्तिको दुष्कर थियो भन्ने प्रष्टिन्छ। वल्ल २०२७ सालमा *अचेल* साप्ताहिक प्रकाशित भयो र २०५२ सम्म यसले निरन्तरता दियो। यसका सम्पादक श्रीकृष्ण अमात्यका अनुसार तत्कालीन नारायणी अञ्चलाधीश कार्यालयमा दर्ता भएको यस पत्रिकाको दर्ता नम्वर ८ रहेको थियो। तर *अचेल*भन्दा पहिले दर्ता हुने १ देखि ७ नम्वरसम्मका पत्रिका पनि वीरगञ्जवाट निस्केको हुन सक्ने सम्भावना रहेको भए तापनि ती पत्रिकाहरू कुन-कुन थिए त्यो ज्ञात हुन सकेको छैन। अञ्चलाधीश कार्यालयको पत्रिका पञ्जिकृत सम्वन्धी अभिलेख हाल प्राप्य नभएको हुनाले त्यससम्वन्धी तथ्याङ्कहरू खोजीको विषय भएका छन्। तर जिल्ला प्रशासन कार्यालय पर्साको अभिलेखअनुसार २०३५/८/१९ मा दर्ता भएको *मालिङ्गो* पत्रिका नै दर्ता नम्वर-१ मा रहेको पाइन्छ। प्रकाशक ज्ञानवहादुर वस्नेत र सम्पादक मणिकवहादुर वस्नेत रहेको सो पत्रिका सुरुमा साहित्यिक मासिक थियो भने २०३९ सालदेखि उक्त पत्रिका साप्ताहिकमा रूपान्तरित भई अद्यावधि प्रकाशित भइरहेको छ। साप्ताहिकमा रूपान्तरित भएदेखि नै सो पत्रिकाको सम्पादक र प्रकाशकमा ज्ञानवहादुर वस्नेत नै हुनुहुन्छ। त्यस्तै ग्रीष्मवहादुर देवकोटाको *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास* पुस्तकवाट *हिमाल, प्रेरणा, नौलो विहान* र *नारायणी* साप्ताहिक जस्ता अरू पत्रिकाहरू समेत २०२२/२०२३ सालपूर्व नै वीरगञ्जवाट निस्कन्थे भन्ने पुष्टि हुनपुगेको छ। त्यस पुस्तकमा नेपाली अङ्ग्रेजी दुवै भाषामा प्रकाशित हुने पत्रिकाको रूपमा वीरगञ्जवाट निस्कने *हिमाल,* अनियमित रूपले समय-समयमा मात्र निस्कने पत्रिकाको रूपमा आनन्ददेव भट्टको सम्पादनमा नेपाली भाषाको *प्रेरणा* र भैरवनाथ चालिसेका सम्पादनमा नेपाली भाषामा प्रकाशित *नौलो विहान*को उल्लेख छ भने पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपछि नारायणी अञ्चल पञ्चायतद्वारा नेपाली भाषामा प्रकाशित *नारायणी* साप्ताहिक वीरगञ्जवाटै प्रकाशित हुने कुरा उल्लेख छ।

२०२८ सालमा *अचेल* प्रकाशित हुँदा यसले तत्कालीन व्यवस्थाको विरोधका साथै तत्कालीन अवस्थामा वीरगञ्जेली पत्रकारितामा एउटा नवीनताको सूत्रपातसमेत गरेको थियो। त्यस शृङ्खलालाई मोड दिने काम *मोर्चा*को प्रकाशनले गरेको पाइन्छ। यो पत्रिकाले तत्कालीन व्यवस्थाको पक्ष र विपक्षभन्दा पनि गलत नीतिको विरोध गर्ने तथा पत्रिकामा समाचारका साथै अन्य रुचिकर सामग्री पनि पस्किने हुनाले २०४४ सालसम्ममा निकै लोकप्रिय भएर रहेको थियो।

२०३६ सालमा जनमत सङ्ग्रहको घोषणापछि तत्कालीन श्री ५ महाराजाधिराज वीरेन्द्रवाट जनमत सङ्ग्रहको परिप्रेक्ष्यमा स्वतन्त्रताको उपयोग गर्नका लागि प्रचलित कानुनको वन्देजवाट छुट प्रदान गर्न र स्वस्थ प्रजातान्त्रिक अभ्यासका लागि मर्यादित तथा तथ्यपूर्ण आलोचना-प्रत्यालोचना गर्ने परम्परा वसाउन, 'वाक् तथा प्रकाशन स्वतन्त्रता ऐन २०३७' (पहिले अध्यादेशको रूपमा) २०३७/२/१६ मा जारी गरियो। त्यसपछि खुकुलो वातावरण पाएर यहाँ पत्रिका प्रकाशनको क्रम वढेको पाइन्छ। २०३९ मा जगदीश शर्माको सम्पादन र शङ्कर खतिवडाको सहायक सम्पादनमा निस्केको *मोर्चा* साप्ताहिक, सुदर्शनराज पाण्डेको सम्पादनमा २०४२ मा *उत्थान* साप्ताहिक र जगदीश शर्माको सम्पादनमा २०५४ मा निस्केको *प्रतीक* साप्ताहिकको

प्रकाशनलाई वीरगञ्जेली पत्रकारितामा नयाँ अध्याय मानिन्छ। त्यसो त त्यो समयमा अरू पनि कतिपय पत्रिकाहरू प्रकाशित हुन्थे। संस्थानहरू र पञ्चहरूको भित्री सहयोगमा प्रकाशित हुने त्यस्ता कतिपय पत्रिकाहरू वजारमा चाहिँ देखा पर्दैनथे। *प्रतीक*का सम्पादक जगदीश शर्मा भन्नुहुन्छ– पञ्चायतकालमा जव केही समयको लागि पत्रिका दर्ता खुल्ला गरिएको थियो, धेरैजसो सरकारी एजेन्टहरूलाई यस क्षेत्रमा प्रवेश गराइयो। कमवेसी यो प्रवृत्ति अधिराज्यभरि नै रहेको हो। त्यसै क्रममा पत्रिका दर्तासम्म गराए पुग्ने भनेर मानसम्मानमा वरावरको 'अंशवण्डा' गर्न पाइने र खाली समयमा 'चर्न' पाइने लोभले गर्दा पत्रकारिताप्रति कुनै समर्पण भाव नभएका व्यक्तिहरू पनि यता लहसिए। 'चर्ने' शव्द यहाँ यति लोकप्रिय भयो कि पछि वीरगञ्जको पत्रकारिता शव्दकोशमा नै यो समाविष्ट हुन वेर छैन।

उपर्युक्त तथ्यहरूका आधारमा २०४६ सालसम्मको अवधिसम्ममा वीरगञ्जेली पत्रकारिताले ठूलो फड्को मारेको देखिँदैन। तर पनि विभिन्न चरणमा प्रकाशन भइरहने पत्रिकाहरूले वीरगञ्जेली पत्रकारिताको विकासक्रमलाई अवश्य नै रेखाङ्कित गरेको छ। मूलतः वीरगञ्जेली पत्रकारिताको यतिञ्जेलको यात्रा व्यक्ति–केन्द्रित नै थियो। र जे जति पनि अखवारहरू प्रकाशित भए, ती अखवारहरू कुनै न कुनै राजनीतिक विचारसँग नजिक रहेका थिए। हो, एक–दुई अखवारहरू यस्ता पनि थिए जसले तत्कालीन व्यवस्थाको समर्थन गरे तापनि राजनीतिक विकृतिका विरूद्ध एक मुख भएर प्रस्तुत भएका थिए।

२०४६ सालभन्दा पहिलाको वीरगञ्जेली पत्रिकाको समीक्षा गर्दै पुराना पत्रकार गोपाल गिरी भन्नुहुन्छ, "त्यतिखेर पत्रिकाहरूमा ३० प्रतिशत राजनीतिक समाचार हुन्थ्यो भने वाँकीमा मनोरञ्जन, खेलकुद आदि। राजनीतिक समाचारभन्दा पनि भ्रष्टाचारका विषयमा लेखिएका समाचारहरू पाठकले वढी मन पराउँथे र त्यस्तै पत्रिकाहरू वजारमा लोकप्रिय पनि हुन्थे।" पत्रिकाको महत्त्वपूर्ण अङ्ग विज्ञापनको सन्दर्भमा पहिला शुभकामना विज्ञापनको मात्र चलन थियो। *अचेल*ले पनि शुभकामना र सरकारी सूचनाहरू मात्र छाप्थ्यो। तर *प्रतीक* साप्ताहिकले व्यावसायिक विज्ञापनको सुरुआत गरेको पाइन्छ।

## २०४६ सालपछिको पत्रकारिता

नेपाल अधिराज्यको संविधान, २०४७ ले छापाखाना र पत्रपत्रिकासम्वन्धी हक र सूचनाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेपछि मुलुकको अन्य सहरको पत्रकारितालाई जस्तै वीरगञ्जेली पत्रकारिता क्षेत्रलाई आधारभूत रूपमा भिन्न वनाएको छ। पत्रकारितालाई व्यावसायिक र संस्थागत रूप दिने क्रम तीव्र भएको छ, पूँजीका प्रवाह वढे पनि अभाव विद्यमान छ, विज्ञापन दिने र लिने प्रवृत्तिमा वृद्धि भएको छ। तर लागत उठाउने वजारको भने अभाव छ। एकातर्फ यस्तो यथार्थ छ भने अर्कातिर दक्ष व्यावसायिक व्यक्तिहरूको नितान्त खाँचो छ। विज्ञापन थोरै छ, विक्री थोरै छ, पत्रिका किनेर पढ्ने जनसङ्ख्या पनि थोरै छ। भारतीय अखवारहरूको प्रभाव कायम नै छ। पत्रिकाहरूको पहुँच गाउँसम्म पुग्न सकिरहेको छैन। वीरगञ्जेली

पत्रकारिताले यात्राको एउटा चरण पार गरेर अर्को चरणमा प्रवेश गरेको छ। यो यात्रा जति मनमोहक छ, त्यतिकै जटिल र कठिन पनि छ।

जिल्ला प्रशासन कार्यालयमा धमाधम पत्रिका दर्ता हुन्छन् र हुँदैछन् पनि। जसको सङ्ख्या झण्डै १०० जति पुग्न लागिसकेको छ (परिशिष्ट क)। तर प्रकाशनका नाउँमा दुई दर्जन पत्रिका पनि प्रकाशित भएका पाइँदैनन्। नेपाल प्रेस काउन्सिलको अभिलेख (परिशिष्ट ख)मा नियमित पाइएका कैयन पत्रपत्रिकाहरू केवल अभिलेखका लागि छापिएको तथ्य पनि छ। नियमित भनिएका पत्रपत्रिकाहरू पनि आवधिक दृष्टिकोणले मात्र नियमित छन्। सरकारी सुविधा पाउनका लागि पत्रिकालाई नियमितताको सीमाभित्र पार्ने मानसिकता जनआन्दोलनपूर्वको अवस्थामा थियो भने, त्यो आज पनि जिउँदो छ। यो पनि सत्य हो कि यस्तो गर्ने पत्रिकाहरूको सङ्ख्या थोरै छ, तर कथित नियमितताबारे बहस गराउनका लागि यो उल्लेख गरिएको हो। एउटा अर्को पक्ष पनि छ, वीरगञ्जेली पत्रकारिताको बारेमा भनिने गरिन्छ, योग्यको लागि विकर्षण र अयोग्यको लागि आकर्षण। यस क्षेत्रमा तालिमको अभाव, यसबाट उत्पन्न आस्थाको अभाव, आस्थाको अभावबाट व्यावसायिक रूपमा फस्टाउन नसक्ने प्रवृत्ति विद्यमान रहेका छन्। व्यावसायिकताले इमान्दारिता र पेसाप्रति आस्था जगाउँछ भन्ने सोचको सामाजिकीकरण हुनसकेको छैन। पत्रिकाको नाम फरक हुनुबाहेक समाचारहरू एउटै छापिने 'छोटो बाटो' को अवशेष अहिले पनि कहिलेकाहीँ देख्न पाइन्छ। परिणामस्वरूप 'लुट लाओ, कुट खाओ' भन्ने आदिम प्रवृत्तिको विकास यस क्षेत्रमा कार्यरत व्यवसायीहरूमा व्याप्त रहेको पाइन्छ।

२०४६ साल भन्दापूर्व अधिकांश पत्रपत्रिकाहरू व्यक्तिगत सङ्गठनका रूपमा परिचालित थिए। एउटै व्यक्ति रिपोर्टर, सम्पादक, प्रकाशक, व्यवस्थापक, वितरक हुने जस्तो 'अल इन वन' अवस्था थियो। यसरी पत्रिका चलाउँदा व्यावसायिकता अभिवृद्धि गर्न वा संरक्षित गर्न कठिन थियो। यस्तो अवस्थामा पत्रिका नियमित हुन पनि गाह्रो थियो। आज पनि प्रायः साप्ताहिकहरूको नियति यस्तै रहेको पाइन्छ। केही साप्ताहिकहरू बाहेक वीरगञ्जेली साप्ताहिक पत्रकारिता मौसमे बाली जस्तै हो। राजनीति वा अरू कुनै मौसमअनुकूल भएपछि मात्र प्रकाशित हुन्छन्, मौसम सेलाउनासाथ तिनको प्रकाशन बन्द हुन्छ। स्थानीय वा संसदीय निर्वाचनको राजनीतिले तान्ने बित्तिकै साप्ताहिकहरूको बाढी आउँछ, नियमित साप्ताहिकहरूको प्रिन्ट अर्डर बढ्छ। यो मौसम नै यस प्रकृतिका साप्ताहिकहरूका लागि आयको मुख्य स्रोत हो। मौसम अनुकूल गर्ने यो खेतीको अर्को रोचक पक्ष के छ भने चुनावी लहरमा यस्ता साप्ताहिकहरूले दैनिकको स्वरूप ग्रहण गर्न पनि बेर लाग्दैन। २०५४ को स्थानीय निर्वाचन ताका यस्तै भएको थियो। *तराई टुडे* ले नेपाली काङ्ग्रेसको तथा *सत्य सन्देश*ले राष्ट्रिय प्रजातन्त्र पार्टीको चुनावी पर्चाको धर्म निर्वाह गरेको थियो। त्यसताका यी पत्रिकाहरू बजारमा सित्तैमा वितरण गरिन्थ्यो। सम्बन्धित पत्रिकामा घुमाई-फिराई निष्ठा राखिएको दलप्रति समर्थन जुटाउने किसिमका गफ र निष्कर्ष प्रस्तुत गरिएका हुन्थे। विगतमा *तराई टुडे* र *सत्य सन्देश* आफैंले किलामा लगेर दाम्लोले कसेका भए तापनि प्रत्येक बादलमा चाँदीको घेरा हुन्छ भन्ने जस्तै आज यी पत्रिकाहरू साप्ताहिकबाट दैनिक हुँदै व्यावसायिक तवरमा प्रकाशित भइरहेका छन्।

पुराना साप्ताहिकहरू वजारवाट हराउँदै छन्, नयाँ जन्मिदै छन्। मौसमी पत्रिकाहरूको मौसमी प्रकाशनले वजारलाई प्रभावित गर्ने क्रम न्यून हुन थालेको छ। साप्ताहिक प्रकाशनको परम्परागत आधिपत्य र आकर्षण दैनिक प्रकाशनका कारण विस्थापित हुँदैछ। साप्ताहिकवाट दैनिक हुनपुगेको वीरगञ्जको पुरानो पत्रिका *प्रतीक*का सम्पादक जगदीश शर्माको टिप्पणी छ– "वीरगञ्जेली पत्रकारितामा धेरै नामहरू देखिए र हराए पनि तर *प्रतीक*ले आफ्नो माथमा राखेको 'मृत भष्म नवन्दैमा भिल्को भैकन वल्नु छ' भन्ने उक्तिलाई सदैव आत्मसात् गरी जतिसुकै वाधा व्यवधान आइपरे पनि पन्छाउँदै अहिलेसम्म आफ्ना लक्ष्यमा अग्रसर भई नै रहेको छ।" उहाँको गुनासो छ, उचित मूल्यमा र नियमित रूपमा न्युजप्रिन्ट उपलव्ध गराउन नसक्नु, सरकारी विज्ञापनमा रोक लगाउनु जस्ता कार्यहरूले वीरगञ्जेली पत्रकारिता जति मात्रामा अगाडि वढ्नु पर्ने हो त्यति अग्रसर हुन सकेको छैन।

तर पनि २०४६ देखि २०५६ सम्म वीरगञ्जमा साप्ताहिक पत्रिकाहरूको वर्चस्व रहेको देखिन्छ। विभिन्न चुनौतीहरूका वावजुद नौलोपन दिने पत्रिकालाई पाठकहरू खोजी खोजी पढ्थे। यसक्रममा २०४८ मा प्रकाशित *वीरगञ्ज एक्सप्रेस*ले पत्रिका किनेर पढ्ने क्रेज नै खडा गऱ्यो। यस पत्रिकाले पत्रिकालाई सनसनी खोजमूलक वनाउन, फोटोको हकमा व्लक वनाउँदा ढिलो हुने ठानेर फोटोको फोटोकपी गराएर नै पत्रिकामा संलग्न गरी वितरण गरेको थियो। यो आफैँमा एउटा प्रयोग थियो। यसका सम्पादक शत्रुघ्न नेपाल भन्नुहुन्छ, "यस पत्रिकाको वढ्दो आकर्षणले गर्दा 'हकर' को प्रयोग गर्ने परम्परा सुरु भयो।" आज वीरगञ्जका कयौं अखवारहरू विहानवेलुका घरघरमा हकरद्वारा विक्री वितरण गरिन्छ।

२०५३ मा पहिलोपटक व्यावसायिक तवरमा अफसेट प्रविधिवाट *प्रतीक* दैनिक रूपमा प्रकाशित भए पनि थोरवहुत साप्ताहिकहरूको प्रभाव हुँदै थियो। वीरगञ्जेली पत्रकारितामा *प्रतीक*ले कयौं परम्पराका थालनी गरेको पाइन्छ। खेल समीक्षा, व्यङ्ग्य, साहित्य चर्चा, अर्थ मिमांसा, महिला स्तम्भलाई यस पत्रिकाले सुरुदेखि नै महत्त्व दिएको पाइन्छ र यसको प्रभाव अरू साप्ताहिकहरूमा पनि देखिँदै गयो। लेटरप्रेसमा छापिने हुनाले कार्टुन र फोटोलाई व्लक वनाएर पनि यसले प्रकाशन गर्ने गरेको थियो। २०५३ सालदेखि यो साप्ताहिक दैनिकमा रूपान्तरित भई अफसेटमा प्रकाशित हुन थालेको थियो। त्यस्तै २०५७ देखि हालसम्म थप चारओटा दैनिक थपिन जाँदा, अव साप्ताहिकहरूको आकर्षण फिका हुँदै गएको छ। उसो त जेनतेन साप्ताहिकहरू पनि अफसेटवाट छापिने गरेका छन्। अफसेट प्रेसवाट गरिने मुद्रणले पत्रपत्रिकाहरूको स्वरूप र स्तरको परिवर्तन र विकासमा सहयोग पुऱ्याएको छ। निजी व्यवसायी र व्यापारीहरूले अफसेट प्रेस स्थापना गरिदिनाले प्रतिस्पर्धाको आधारमा पत्रिकाहरू छापिन थालिएका छन्। पत्रिकाहरूमा *प्रतीक*सँग मात्र आफ्नो प्रेस रहेको छ। वीरगञ्जका दैनिकहरू *प्रतीक, अङ्कुश, सत्यसन्देश* र *आजको मनकामना* प्रातः कालीन रहेका छन् भने *व्रह्मास्त्र* सन्ध्याकालीन रहेको छ। सवै दैनिकहरू इन्टरनेटवाट रासस लगायतका न्युज वुलेटिनहरूको उपयोग गरिरहेका छन्। *प्रतीक* दैनिकले कहिलेकाहीं फोटो तथा विज्ञापनको रङ्गीन छपाइ पनि गर्ने गरेको छ।

इन्टरनेटमा राखिने वीरगञ्जको पहिलो पत्रिका *अङ्कुश* दैनिक भएको छ। भाषिक शुद्धाशुद्धिका लागि भाषा सम्पादक पनि राख्ने गरेको पाइन्छ। जति समाचार र लेख रचनाको महत्त्व हुन्छ, त्यति नै प्राप्त सामग्रीहरूलाई आकर्षक साजसज्जामा प्रस्तुत गर्नसक्नुले अखवारको प्रभावकारिता र आकर्षणमा अभिवृद्धि गर्दछ भन्ने मान्यतालाई पत्रिकाहरूले मूर्तरूप दिने जमर्को गरेको पाइन्छ। साजसज्जाको लागि सम्वन्धित विशेषज्ञहरूको अभाव भए तापनि समाचारपत्रको साजसज्जा गर्ने जिम्मेवारी सम्पादक, कम्प्युटर अपरेटर/कम्पोजिटर र छापाखाना/प्रेस (छपाइ) विभागको संयुक्त समन्वयमा भइरहेको छ। पाठकहरूको चाहना परिपूर्ति गरी आधुनिक समाज सुहाउँदो ग्राफिक प्रस्तुतीकरणतर्फ दैनिकहरू चिन्तित देखिएका थिए।

वीरगञ्जमा जुन अनुपातमा पत्रिकाहरू दर्ता भए, सोही अनुपातमा पत्रकारहरूको सङ्ख्यामा वृद्धि भए तापनि महिला पत्रकारहरूको सङ्ख्या ज्यादै न्यून छ। केही पत्रिकाका सम्पादक, प्रकाशकले आफ्नो पत्रिकामा परिवारका महिला सदस्यको नामसमेत राखेर प्रकाशित गर्ने गरेको पाइए पनि ती महिलाहरूको पत्रकारिता क्षेत्रमा सक्रिय योगदान रहेको पाँइदैन। स्थानीय ठाकुरराम वहुमुखी क्याम्पसमा नेपाली विषय अन्तर्गत पत्रकारिताको पढाइ हुनथालेपछि केही महिलाहरूले प्रशिक्षार्थीका रूपमा सक्रियता वढाएको देखिन आएको छ। यिनीहरूमध्ये क्षेत्रमा दाहालले *अङ्कुश* दैनिकमा महिला स्तम्भ 'आँगन' समेत सुरु गरिसकेकी छन्। त्यस्तै एक दुई जना जनजाति क्षेत्रका पत्रकार सक्रिय रहेपनि दलितवर्गका कोही पनि वीरगञ्जेली पत्रकारितामा सक्रिय रहेको पाइँदैन।

क्षेत्रीय भाषा, संस्कृति, साहित्य र सामाजसेवाप्रति रुचि लिने व्यक्ति र संस्थाहरूले पनि पत्रपत्रिका-वुलेटिनहरूको प्रकाशन गरिरहने क्रम अद्यावधि छ। वीरगञ्जमा *आजोके समाद* र *सगुन* (भोजपुरी), *पुछारी* (मैथिली) *मारवाडी मञ्च* (मारवाडी), *सण्डे टाइम्स* (हिन्दी) र *ओपिनियन* (अङ्ग्रेजी) जस्ता विभिन्न भाषामा पनि पत्रिकाहरू निक्लने गरेको पाइन्छ। यसप्रकारको प्रकाशनले वीरगञ्जेली पत्रकारितामा विविधता प्रदान गरेको छ।

## वर्तमान चुनौती

वीरगञ्जेली पत्रकारिताको विकासमा देखिएका अड्चनमध्ये आर्थिक समस्या प्रमुख हो। पत्रकारिताको स्थापनाकालदेखि नै विद्यमान यो समस्या वर्तमान अवस्थामा पनि उत्तिकै टड्कारो रूपमा रहेको छ। लगानीकर्ताहरूको अभाव भइरहेको अवस्थामा वीरगञ्जको पछिल्लो दैनिक *आजको मनकामना*मा स्थानीय लगानीकर्ताहरूले सामूहिक लगानी गरेपछि उत्साहप्रद अवस्था देखिएको छ।

वीरगञ्जमा जे जति पत्रिकाहरू प्रकाशित भइरहेका छन्, तिनको समुचित रूपमा प्रचारप्रसार तथा विक्री वितरण हुन सकिरहेको छैन। एउटै पाठककहाँ विना पूर्व स्वीकृति पाँचओटै दैनिकहरू पुऱ्याइएको छ। भोलि पाठकले कसको वार्षिक ग्राहक वन्ने? व्यवस्थापन पक्षमा संयोजन गर्दै समुचित व्यवस्था मिलाउन सकिरहेका छैनन्। भारतीय अखवारहरूलाई विस्थापत तथा नयाँ पाठक वजारको खोजी भइरहेको छैन।

दैनिकहरूका वाढीले सुचनाप्रवाह त भइरहेको छ तर पत्रपत्रिकाहरूले सूचनाहरूलाई व्यावसायिक हितको जलप लगाएर पाठकहरूको अघिल्तिर पस्किन्छन् भन्ने गुनासो वीरगञ्जेली पाठकहरूको रहेको देखिन्छ। त्यसैले कुनै पनि घटना विशेषका विषयमा पत्रपत्रिकाले दिएको विवरण र यथार्थ विवरण वीचमा अन्तर रहेको हुन्छ भन्ने पाठकहरूको स्वाभाविक अनुमान पनि छ। यो पक्ष वीरगञ्जेली पत्रकारिताको प्रमुख चुनौती हो। आज जुन रूपमा दैनिक साप्ताहिक पत्रिकाहरूको नियमित प्रकाशित हुने सङ्ख्यामा वृद्धि भएको छ, यसले वीरगञ्जेली पाठकहरूका सोचाइमा वा सामग्रीप्रति दिनप्रतिदिन अभिरूचि वदलिँदै गएको छ। त्यसैले होला दैनिकहरूमा अचेल कार्टुन, व्यङ्ग्य, फोटो र विभिन्न विधागत स्तम्भहरूको संयोजनमा ध्यान दिन थालिएको छ। सूचना, सज्जा, शीघ्रता र सङ्ख्या सवै पक्षमा प्रतिस्पर्धा देखा परेको मात्र होइन एकले अर्काको सहयोगीलाई 'हिट' गर्ने लगायतका अस्वस्थ प्रतिस्पर्धाको खतरा पनि जन्मिएको छ। । तर पनि पाठकीय रुचिले छनोट गर्नसक्ने सम्भावना प्राप्त गरेको छ। वीरगञ्जेली पत्रकारितामा नयाँ सीमा र नयाँ चुनौती पनि क्रमशः दृष्टिगोचर हुँदैछन्।

२०५३ मा *प्रतीक* दैनिक रूपमा प्रकाशित हुँदा सम्पादकीयमा लेखिएको थियो, "मोफसलवाट दैनिक पत्रिका सञ्चालन गर्नुभनेको एउटा जोखिम एवं चुनौतीपूर्ण कार्य हो।" तर पाँचवर्षपछि छोटो समय भित्रै दैनिक प्रकाशनका लागि देखा परेको होड र अनियमितताको यो प्रवृत्तिले दैनिक प्रकाशनको दिगोपनमा शङ्का पैदा भएको छ।

सूचनाको कमी, विषयवस्तु दोहोरिने क्रम भाषिक कमजोरी मात्र होइन, आवश्यक अनुसन्धान नगरी व्यक्तिहरूलाई अभियुक्त करार, पीडित तथा वलात्कृत महिलाको नामको प्रकाशन, विदेशी समाचारको स्रोत नखुलाई आफ्नो नाममा लेख्ने, एउटै सम्पादकीय दोहोऱ्याइ-तेहऱ्याई छाप्ने चलन व्याप्त छ। त्यस्तै राजधानीको खवरको सम्पादकीय वा लेखकको लेख सम्पादकीयमा छाप्ने, पाना भर्न अरू पत्रिकाको सौजन्यमा साम्रगी छाप्ने वा स्रोत उल्लेख नगर्ने जस्ता दैनिक प्रकाशनमा देखिएको अहिलेको होडले पत्रकारितालाई अधोगतितर्फ डोहोऱ्याउँदै छ। वजारमा आइसकेका दैनिकहरूमा खासै मौलिकता देखा पर्नसकेको छैन। पत्रिकाका मास्टहेड (शीर्षक) छोपिदिने हो भने उस्तै-उस्तै देखिन्छन्।

पत्रिका भनेको त राजधानीवाट निस्कने मात्र हो, त्यही किनेर पढ्नुपर्दछ। जिल्लावाट निस्कने अखवारहरू स्तरयुक्त भएमा पनि त्यो त मागी खाने भाँडो हो, त्यो के किनेर पढ्नु? जस्ता पाठकीय मानसिकता पनि वीरगञ्जेली पत्रपत्रिकाहरूको लागि टड्कारो समस्याको रूपमा रहेको छ।

केही वर्ष यता वीरगञ्जमा पत्रकारिताप्रतिको आकर्षण वढ्दै गएको छ। जसरी वीरगञ्जेली पत्रकारिताले संस्थागत व्यवसायको रूप लिने जमर्को गर्दैछ, त्यसरी नै पत्रकारितालाई जीवनचर्याको रूपमा अँगाल्ने मानिसको जमात पनि वढ्दैछ। यतिमात्र होइन, वीरगञ्जको युवा पिढीले पत्रकारितालाई आफ्नो भावी पेसाको रूपमा रोज्न पनि थालेका छन्। पत्रकार पिताले आफ्नो छोरालाई पनि पत्रकारितामा लाग्न

उत्प्रेरित गरिरहेका छन्। राजधानीसँग सम्बन्धित पत्रकारितामा प्रायः युवापिँढीको कब्जा नै भएको छ। यो सब वीरगञ्जेली पत्रकारिताका लागि शुभलक्षण मानिनुपर्दछ। यसका पछाडि वीरगञ्जका अग्रज पिँढीले गरेका योगदानले महत्त्वपूर्ण भूमिका खेलेको छ। अग्रजहरूद्वारा कोरिएका गोरेटोलाई नै युवा पुस्ताले पिच बाटो निर्माण गर्ने जमर्को गरिरहेका छन्। तर यतिले मात्र हुँदैन। अहिले पत्रकारिता क्षेत्रमा आएका फोटो पत्रकारिता, वातावरण पत्रकारिता, खेल पत्रकारिता, आर्थिक पत्रकारिता, खोज पत्रकारिता जस्ता विधागत प्रवृत्तिको विविधताप्रति युवापुस्ताले कत्तिको रुचि देखाइरहेका हुन्, त्यो मुख्य कुरा हो।

पत्रकार तथा पत्रपत्रिकाको सङ्ख्यात्मक विकास भएपनि गुणात्मक विकास हुन सकेको छैन भन्ने गुनासो व्यक्त गर्दै *उत्थान* साप्ताहिकका सम्पादक सुदर्शनराज पाण्डे भन्नुहुन्छ– विज्ञापन बजार र पाठक सीमित हुनाले नियमित अखबार प्रकशित गर्ने सम्पादकहरूलाई ठूलो आर्थिक हण्डर खेप्नु परिरहेको छ। घुस र धम्कीबाट मुक्त हुन नसकेकोले पर्सा जिल्लामा कार्यरत अधिकांश पत्रकारहरूले नैतिक दायित्व भएर पनि, सत्य नदबाईकन वास्तविकतालाई अखबारमार्फत जनता समक्ष ल्याउन सकिरहेका छैनन्।

पत्रकारिताको विकासमा संस्कृति, राजनीतिक व्यवस्था, आर्थिक स्थिति तथा भौगोलिक कारणले समेत प्रभाव पारेको हुन्छ। वीरगञ्ज सञ्चार सुविधाका दृष्टिले सुगम ठाउँ भए तापनि त्यो सुविधाको अनुपातमा पत्रकारिता फस्टाउने गति देखिएको छैन। नत्र भने बुटवलको पत्रकारिताले मोफसलको पत्रकारिताको राजधानीको संज्ञा पाउने थिएन। वीरगञ्जेली पत्रकारितामा विद्यमान व्यावसायिक सीपको कमीलाई हटाउन फ्रेडरिक इबर्ट स्टिफुङ, क्षेत्रीय सञ्चार स्रोत केन्द्र, जस्ता संस्थाहरू मार्फत भएको पत्रकारिता, तालिम, कार्यशाला र गोष्ठीहरूले केही सघाउ पुऱ्याएको छ।

श्यामप्रसादले *सेवा* प्रकाशनका लागि मुद्रणका क्रममा बनारस पुग्नु परेको थियो भने अहिले पचास वर्षपछिको अवधिमा मुद्रण प्रविधिमा विकास र विस्तार देखा परेको छ। विगतका अवधिमा पत्रकारिताका लागि प्रशस्त सम्भावनाहरू विद्यमान रहे पनि प्रकाशनको क्रम उत्साहप्रद देखिएन। बरू पत्रकारहरूको सङ्ख्या थपिँदै गयो। जबकि कुनै पनि कालखण्डमा विगतका दिनमा स्तरीय र नियमित प्रत्रिकाहरूको एउटा निश्चित सङ्ख्या देखिन सक्दथ्यो। केही वर्ष अघिसम्म लेटर प्रेसबाट छापिने पत्रपत्रिकाहरू अहिले अफसेट प्रेसबाट छापिन थालेका छन्। विशेषगरी दैनिकहरू अफसेटबाट बढी लाभान्वित भइरहेका छन्। साप्ताहिकमा अफसेट प्रविधिको उपयोग गर्ने सङ्ख्या यतिखेर आधाआधी नै देखिन्छ। अर्थात् केही साप्ताहिकहरू अहिले पनि लेटरप्रेसमै छापिने गरेका छन्। प्रविधिगत सुविधा तुलनात्मक रूपमा सरल र सुलभ हुन अझै सकेको छैन। दैनिक पत्रिकाहरूले फ्याक्स, इमेल, कम्प्युटर, इन्टरनेट जस्ता प्रविधिमा आफ्नो पहुँच पुऱ्याएका छन्।

वीरगञ्जेली पत्रकारिताले उपर्युक्त कमजोर पक्षहरूलाई हटाई सकेसम्म पत्रकारिताको मूल मर्म, सत्य, यथार्थ, जिम्मेवारीपन, इमान्दारीपन, अर्काको सम्मानको सुरक्षा, निष्पक्ष तथा स्वतन्त्र, वस्तुगत तथ्यमा आधारित, सामाजिक मर्यादा तथा

नैतिक स्वच्छता आदिलाई आत्मसात गर्दै अग्रसर हुन चाहेमा, यसको भविष्य स्वर्णीम हुनेछ। मलाई लाग्दछ, वीरगञ्जेली पत्रकारिता यदाकदा बाटो विराए पनि आखिरमा गन्तव्यको दिशामा उन्मुख हुन्छ नै।

## परिशिष्ट क

जिल्ला प्रशासन कार्यालय पर्सामा ०५८/९/२२ सम्ममा दर्ता भएका पत्रपत्रिकाहरूको सूची

| | | |
|---|---|---|
| साप्ताहिक | - | ५८ |
| द्वैमासिक | - | १ |
| त्रैमासिक | - | ६ |
| दैनिक | - | ९ |
| पाक्षिक | - | १७ |
| मासिक | - | ६ |
| अर्ध साप्ताहिक | - | १ |
| जम्मा | | ९८ |

## परिशिष्ट ख

२०५८ सालको प्रेस काउन्सिल नेपालको वर्गीकरण सूचीमा निम्न पत्रिकाहरू छनौट भएको जानकारी सूचना केन्द्र वीरगञ्जबाट हुन आएको छ।

| | | |
|---|---|---|
| १. | प्रतीक दैनिक | 'ख' |
| २. | सर्वेक्षण साप्ताहिक | 'ग' |
| ३. | विजय साप्ताहिक | 'ग' |
| ४. | संचेतना साप्ताहिक | 'ग' |
| ५. | फूलपाती साप्ताहिक | 'ग' |
| ६. | सार्थक साप्ताहिक | 'ग' |
| ७. | प्रभातवाणी साप्ताहिक | 'ग' |
| ८. | तराई टुडे दैनिक | 'घ' |
| ९. | उत्थान साप्ताहिक | 'घ' |
| १०. | नारायणीधारा साप्ताहिक | 'घ' |
| ११. | सिमाना साप्ताहिक | 'घ' |
| १२. | कुरूक्षेत्र साप्ताहिक | 'घ' |
| १३. | प्रज्वलित साप्ताहिक | 'घ' |
| १४. | अविचल साप्ताहिक | 'घ' |